# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०१) पोखरा, आश्विन ०८ गते, २०७५ साल (अतिरिक्ताङ्क ११


## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७५ सालको ऐन नं. १९

**प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना :** प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न तथा नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न कानूनी व्यवस्था आवश्यक भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेशभर लागू हुनेछ ।

**२. <u>नियम, कार्यविधि बनाउने प्रदेश सरकारको अधिकार</u> :** (१) गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न एवं सबै प्रशासकीय विषय तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका नियम, कार्यविधि कानून सरह लागू हुनेछन्।

**३. <u>बचाउ</u> :** यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सरकारले जारी गरेका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका यसै ऐन बमोजिम जारी भएको मानिने छ ।

प्रमाणिकरण मितिः २०७५/०६/०८

**आज्ञाले,**
**फणिन्द्र मणि पोखरेल**
**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु १०।-